CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८१


१८ ।८ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोभिड - १९ सम्बन्धी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेका नयाँ निर्णयहरु

नेपाल सरकारले नखोल्ने भनेका सेवा र कार्यहरु अझै १५ दिन कडाईका साथ बन्द गर्ने र आगामी १५ दिनको अवस्था हेरेर मात्रै हालसम्म जारी जनस्वास्थ्यका मापदण्डका विषयमा पुनरावलोकन गर्ने।

### यि व्यवसाय अझै नखुल्ने




- सिनेमा हलहरु
- रात्रिकालिन व्यवसायहरु
- धेरै मानिसहरु जम्मा हुने र जनस्वास्थ्यका मापदण्डहरु उलंघन हुने खालका संस्था तथा व्यवसायहरु

### यस्ता गतिविधी गर्न नपाईने

- सभा सम्मेलनहरु
- जुलुस
- धर्ना
- घेराउ



### विद्यालय के गर्ने ?

मंसिर महिना पछि विद्यालयहरु खोल्दा थोरै संख्यामा विद्यार्थी भएका ठाउँबाट मात्र जनस्वास्थ्यका मापदण्डहरु कडाईका साथ अवलम्बन गरेर मात्र खोल्ने।



स्रोत: https://cutt.ly/zhxqjD1

## नेपाल अपडेट



३९६ स्थानीय तहमा एकै पटक शिलान्यास गर्ने क्रममा काभ्रेको भुम्लु गाउँपालिकाको १० शैयाको अस्पाल भवन शिलान्या गरिँदै ।

तस्विर: केशवराज पौडेल

### परिक्षण


पिसिआर परिक्षण: १७,६३,९१९

पोजेटिभ: २,३७,५८९

उपचाररत: १५,७६६

मृत्यु : १५५१

सन्चो भएका : २,२०,२७२




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



नेपालमा कोरोना बीमा गरेको तर, हाल विदेशमा रहेका नेपालीलाई संक्रमण पुष्टि भएमा उनिहरुले बीमा दाबी गर्न पाईदैन भन्छन् नी ?

हो । बीमालेख नेपाल भित्र बसोबास गरेको अवस्थामा मात्र लागू हुन्छ । बीमा गर्ने व्यक्ति नेपाल बाहिर रहेको अवस्थामा बीमालेख निस्कृय हुन्छ । विदेशबाट नेपाल पुन: फर्केको अवस्थामा नेपाल प्रवेश गरेको १५ दिन क्वारेन्टाईनमा बसी १५ दिन परिवारमा बसेपछि जम्मा ३० दिन पछि बीमालेख स्वत: लागू हुन्छ । यसको मतलव बीमा गरेर विदेश गएका नेपालीमा कोरोना संक्रमण देखिएमा पनि उनिहरुले बीमा दावी गर्न पाउँदैनन् ।


स्रोत: http://nib.gov.np/wp-content/uploads/2020/10/Circular-6-2077.078.pdf



नेपालबाट श्रमका लागि भिजिट भिषामा गएर विदेशमा ठगिएमा कहाँ उजुरी गर्ने ?

`पाली श्रमिक विदेशमा ठगिएमा हेर्ने आधिकारिक निकाय वैदेशिक रोजगार विभाग हो । तर, यसरी अवैधानिक रुपमा श्रमका लागि भिजिट भिषामा गएका व्यक्तिहरुको सेवा, शर्त तथा सुविधाका सम्बन्धमा वैदेशिक रोजगार ऐन तथा नियमावली, २०६४ पनि आकर्षित हुदैन । उक्त व्यक्तिलाई शारिरिक, मानसिक हिंसा भएमा वा गन्तव्य मुलुकमा कानूनी जटिलता भएमा स्वयं व्यक्ति नै जिम्मेवार हुन्छ । तसर्थ, श्रमका लागि गैरकानूनी प्रकृया अवलम्बन गरी वैदेशिक रोजगारीमा नजान वैदेशिक रोजगार विभागले अनुरोध गरेको छ।

स्रोत: https://cutt.ly/ThjyrNI



सवारी चालक अनुमतिपत्रको परीक्षाको लागि अनलाईन फारम खुल्यो भन्ने सुनिदैछ त ?

कोरोना संक्रमणको जोखिम कम नभईसकेकोले सवारी चालक अनुमतिपत्र परीक्षा सम्बन्धी कुनै पनि निर्णय भएको छैन । यो जिम्मेवारी हरेक प्रदेशका भौतिक पूवाधार विकास मन्त्रालय र यस अन्तरगतका यातायात कार्यालयको हुने भएकोले यस सम्बन्धी थप जानकारिका लागि सम्बन्धित मन्त्रालयमा सम्पर्क गर्न यातायात व्यवस्था विभागले सूचना जारी गरेको छ । प्रदेशगत विस्तृत सम्पर्क व्यक्ति र सम्पर्क नम्बर तलको लिंकमा उल्लेख गरिएको छ ।

स्रोत: https://www.dotm.gov.np/Files/NoticePDF/Onlinelicenseformnotice2020-12-02_02-27-29-672.jpg



सरकारले भिडभाड हुने भएकोले पार्टी प्यालेस नखोल्नु भन्छ, तर काठमाण्डौका सडकमा सयौंको भिड सहित नारा जुलुस भईरहेकाछन् । उनिहरुलाई केही हुँदैन ?

यो विषयलाई जिल्ला प्रशासन कार्यालय काठमाण्डौले गम्भिरताका साथ लिने भनेको छ । उसले प्रेस विज्ञप्ती जारी गर्दै, यस्ता कृयाकलापको कडाईकासाथ अनुगमन गर्ने र त्यस्ता गतिविधी गरेको पाईएमा प्रशासन ऐन र संक्रामक रोग ऐन बमोजिम कारवाही गरिने भनेको छ ।

स्रोत: https://cutt.ly/KhlOJyh

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्





COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट


३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,५७,८७२ संक्रमित | १,४३,५७४ संक्रमित | ८७,२७० संक्रमित | १,३९,४७७ संक्रमित | १,७२,७५१ संक्रमित | १,२४,३२९ संक्रमित | ६९,०९५ संक्रमित | ३५,७०३ संक्रमित |
| ५,२५० नेपाली संक्रमित | २,१५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २७,४१२ नेपाली संक्रमित | ४,५०० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८४ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## यूएई र कुवेतबाट विविध जानकारी

### यूएई

- यूएई मा ४९औं नेशनल डे मनाईयो ।
- मार्च, २०२० भन्दा पहिले भिषा सकिएकाहरूले यही डिसेम्बर ३१ सम्म देश छोडेमा कुनै फाईन नलाग्ने ।
- यूएई बाहिर हुनुहुन्छ र ट्राभल ब्यान लागेको छ कि छैन भनेर थाहा पउनु पर्नेछ भने, यूएईमा वकिलको नै सहायता लिनुपर्ने हुन्छ ।
- सारजाह: ईमिरेट्स रोडमा नयाँ क्यामेरा जडान गरिएको छ । यदी तपाईले साईड लाईट नबाली लेन परिवर्तन गर्नुभयो भने, त्यसले तपाईको फोटो कैद गर्नेछ । यो गल्तिको लागि १,००० दिहराम फाईन र ४ ब्ल्याक पोईन्ट लाग्ने छ ।
- यूएईमा कुनैपनि सरकारी कार्यालयमा जाँदै हुनुहुन्छ भने, निम्न कुरा ध्यान दिनु पर्नेछ:
  १. घुँडा भन्दा माथि देखीने गरी कपडा लगाएको हुनु हुँदैन ।
  २. कार्यालय परिसर भित्र र बाहीर फोटो खिच्न पाईनेछैन ।
  ३. धुम्रपान गर्न पाईनेछैन ।
  ४. कार्यालयमा घरपालुवा जनवारलाई लिएर जान पाईने छैन ।

### कुवेत

- कुवेतमा अवैधानिक रुपमा बसेकाहरूले वैधानिक हुने प्रकृयाको लागि जम्मा १ महिना बाँकी ।
- डिसेम्बर ७ बाट बिदामा भएका घरेलु कामदारहरूलाई ल्याउन सुरु गरीनेछ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी – खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड – १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च



# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल असोज महिना सम्म दैलेखका स्थानीय तहले कोरोना रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा गरेको खर्च




नेपालका स्थानीय तहले कोरोना रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा गरेको खर्च सार्वजनिक गर्न सुरु गरेकाछन् । अकाउण्टविलिटी ल्याबले पनि उनिहरुलाई पारदर्शी बन्न सहयोग गर्ने उद्देश्यका साथ तथ्यांक संकलन गर्दैछ ।

समग्रमा दैलेखका ११ पालिकाले कोरोना रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा २१ करोड ७४ लाख खर्च गरेकाछन् । महावु गाउँपालिका र नौमुले गाउँपालिकालाई छोड्ने हो भने, अपेक्षाकृत रुपमा नगरपालिकाले गाउँपालिका भन्दा बढी खर्च गरेकाछन् । आउँदा अंकमा हामी ति पालिकाहरुको खर्चको विस्तृत विवरण प्रस्तुत गर्नेछौं ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# सहयोग पाए त सिकेको सिप अनुसार नेपालमै व्यवसाय गर्छु



एसएलसी पास गरेपछि, रुपन्देहीको देवदह नगरपालिका वडा नम्बर ३ का कुश्माखर पाण्डे सन २०१४ मा साउदी अरव गए । घरको आर्थिक अवस्था कमजोर भएकाले उनको ध्यान पढाईमा भन्दा पैसा कमाउनमा बढी जान थाल्यो । साउदी पुगेका कुश्म(।खर त्यहाँ रहेको एसि कम्पनी र सोरुममा काम गर्न थाले । त्यहाँ मासिक १ हजार देखि १२ सय रियाल सम्म कमाइ हुन्थ्यो । २ वर्ष काम गरेर उनी सन् २०१६ मा घर फर्किए ।


२०४९ सालमा जन्मिएका कुश्माखरको घरमा आमा र श्रीमती छन् । ३ जनाको परिवार चलाउन कठिन भएपछि उनले फेरी विदेश जाने र पैसा कमाउने योजना बनाए । यसपटक कुश्माखरको योजना भने अलि फरक थियो । मेनपावर मार्फत जाँदा पैसा कम कमाइने भएकाले ३ महिनाको भिजिट भिषामा दुबई जाने र त्यही काम खोजेर बस्ने । योजना अनुसार २०७५ मा उनी दुबई पुगे । त्यहाँ उनले पाँचतारे होटलमा काम पाए । महिनाको १ हजार २ सय दिरहाम अर्थात, नेपाली ३६ हजार रुपैया कमाउन थाले । त्यस माथी खान बस्न थप होटलले दिने भयो । कुश्माखर १४ महिना काम गरेर गएको जनवरीमा छुट्टिमा घर आए।

एक महिना परिवारसँग बसेर उनी फेब्रुअरी महिनामा दुबई फर्किए । दुबई गएको १ महिना नपुग्दै बिश्वव्यापी कोरोना महामारीले आतंक मच्चायो । मार्च महिनाबाटै दुबैमा पनि लकडाउन सुरु भयो । लकडाउन सुरु भएपछि होटलको व्यापार कम हुदै गयो । लकडाउनको अबधिमा होटलले घर जाउ त भनेन, तर मासिक १२ सय कमाउदै आएका कुश्माखरको कमाई भने २ सय ५० दिरहाममा झ¬र्यो । यो क्रम ८ महिना सम्म चल्यो । गत अक्टोबरमा होटलले कामदिन नसकिने र अन्तै काम खोजे भिसा ट्रान्सफर गरिदिने भनेपछि कुश्माखरले नेपाल फर्कने योजना बनाए । कम्पनीले घर फर्किन टिकट मिलाईदिए पछि उनी घर फर्किए । अहिले ३ जनाको परिवार पाल्न उनलाई ऋण खोज्नुपर्ने भएको छ । चर्को व्याजदरमा ऋण लिए तिर्न सकिएन भने घर न घाटको भइन्छ भन्ने डर पनि उनमा छ । तर, अर्को विकल्प उनिसँग छैन । ऋण लिन बैंकमा प्रकृया सुरु गरेकाछन् । उनी पनि आफुले सिकेको सिप अनुसार काम पाए वैदेशिक रोजगारीमा नजाने विचारमाछन् । उनी भन्छन् सहयोग पाए त सिकेको सिप अनुसार नेपालमै व्यवसाय गर्छु ।

# नेपालमा कोभिड - १९ का गम्भिर प्रकृतिका बिरामीको अवस्था

सही सूचना

## छुट्टा छुट्टै प्रदेशमा आईसियु र भेन्टिलेटरमा रहेका कोभिड - १९ का बिरामीको संख्या




माथिको ग्राफमा छुट्टा छुट्टै प्रदेशमा आईसियु र भेन्टिलेटरमा रहेका कोभिड - १९ का सकृय संक्रमितको संख्या देखाईएको छ । नेपालमा जम्मा सकृय संक्रमित मध्ये करिब २.६ प्रतिशत सकृय संक्रमित अहिले आईसियु र भेन्टिलेटरमा रहेकाछन् । विश्वको तथ्यांक हेर्ने हो भने, यो संख्या ३ प्रतिशतको हाराहारीरहेको छ ।

(स्रोत: https://journals.plos.org/plosone/article?id=10.1371/journal.pone.0235653_

जम्मा संक्रमितको तुलनामा नेपालमा आईसियु र भेन्टिलेटरमा सेवा चाहिने बिरामीको संख्या केही कम छ । यसबाट दुई कुराको अनुमान गर्न सकिन्छ । या त नेपालमा अस्पतालमै लगेर आईसियुमा राख्नुपर्ने बिरामीको संख्या थोरै छ, अथवा गम्भिर प्रकृतीका बिरामीलाई राख्न नेपालमा आईसियु र भेन्टिलेटर सेवा प्रयाप्त छैन । नेपालमा भईरहेको उच्च मृत्युदर हेर्ने हो भने, दोस्रो अनुमान सहि सावित हुन्छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219